PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय ‘क’ वर्ग
eprateekdaily.com

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

अनावश्यक भीडभाड नगरी, भौतिक दूरी कायम गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७८ जेठ २६ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 09 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २८१

## पर्साको कुल क्षेत्रफलको आधाभन्दा बढी वनक्षेत्र



पर्साको वनक्षेत्रको दृश्य र इनसेटमा अधिकृत फरमान मियाँ । तस्वीरः नितेश कर्ण

प्रस, वीरगंज, २५ जेठ/

पर्सा जिल्लाको कुल क्षेत्रफल १ लाख ४० हजार ६८२ हेक्टरमध्ये ५५.५१ प्रतिशत वनले ओगटेको छ । डिभिजन वन कार्यालय, पर्साका निमित्त डिभिजन वन अधिकृत फरमान मियाँले कुल क्षेत्रफलको ५५.५१ प्रतिशत अर्थात् ७७ हजार १२४ हेक्टर वनक्षेत्र रहेको बताए ।

उनले कुल क्षेत्रफलको ३९.३९ प्रतिशत अर्थात् ५४ हजार ७३२ हेक्टर कृषि क्षेत्र, २.५ प्रतिशत अर्थात् २ हजार ८५६ प्रतिशत चरण क्षेत्र र अन्य क्षेत्र ३.५ प्रतिशत अर्थात् ४ हजार २३२ हेक्टर गरी १ लाख ४० हजार ६८२ हेक्टर क्षेत्रफल रहेको बताएका छन् । निमित्त डिभिजन वन अधिकृत मियाँले ७७ हजार १२४ हेक्टर वनक्षेत्रमध्ये ११ हजार ५८५.६ हेक्टर वन मात्र डिभिजन वन कार्यालयको क्षेत्रभित्र पर्ने र बाँकी चितवन तथा पर्सा राष्ट्रिय निकुञ्जको कार्यक्षेत्रमा पर्ने बताए ।

उनले जिल्लामा रहेको विद्यमान वनक्षेत्रलाई सबै जनताको आधारभूत आवश्यकता पूरा गर्न, सामाजिक र आर्थिक विकास तथा स्वस्थ वातावरणको प्रबन्ध गर्न र बढ्दो शहरीकरणलाई आवश्यक पर्ने काठ, दाउरा, बालुवा, गिट्टी आदिको आपूर्ति गर्न राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, साझेदारी वन र धार्मिक वनको रूपमा वर्गीकरण गरी सोही अनुसार वनको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्दै आएको बताए । उनले डिभिजन वन कार्यालय अन्तर्गत अहिले सबैया र विन्ध्यवासिनी कोइलाभार बडनिहार साझेदार वन व्यवस्थापन समूह र प्रस्तावित गादीमाई वन व्यवस्थापन समूह रहेको जानकारी गराए ।

उनले चालू आवमा वनसम्बन्धी २६ वटा मुद्दा दर्ता रहेको र त्यसमा ६७ जना प्रतिवादी भएको र २८५.४ क्युफिट काठ बरामद भएको बताए । यसैगरी, गत वर्ष २३ वटा मुद्दामध्ये ७ वटा अदालतमा र १६ वटा डिभिजन वन कार्यालयमा मुद्दा चलिरहेको र त्यसका प्रतिवादी ५५ जना रहेको बताए । उनले गत वर्ष २५४.९९ क्युफिट काठ बरामद भएको र सोसम्बन्धी मुद्दा चलिरहेको बताए ।

पर्साको वनक्षेत्र संरक्षण गर्न डिभिजन वन कार्यालय सक्रियतापूर्वक लागेको बताए । सातवटा सबडिभिजन वन कार्यालयमार्फत वनक्षेत्रको निगरानी भइरहेको र त्यसमा सशस्त्र र नेपाल प्रहरीले सहयोग गर्दै आएको बताए । अहिले पर्सा जिल्लामा अतिक्रमित वनक्षेत्रलाई खाली गराउन साझेदारी वन व्यवस्थापन समितिमार्फत काम भइरहेको भएपनि निषेधाज्ञा र लकडाउनको कारण सो कार्यले गति लिन नसकेको उनले बताए ।

## सीमा सुरक्षाकर्मीद्वारा बालबालिकालाई अध्यापन

नितेश कर्ण, वीरगंज, २५ जेठ/

बारा जिल्लाको चन्द्रमान र सनफुलवामा नेपाल र भारतका सीमा सुरक्षामा खटेका जवानहरूले स्थानीय जवानबाट शैक्षिक कार्यक्रम शुरू गरिएको बताए । उनले बिहान र बेलुका १/१ घण्टा बालबालिकाहरूलाई छुट्टै संलग्न गराइ कोरोना सङ्क्रमणबारे सचेतना

उनले एकपटकमा सयदेखि डेढ सयसम्म विद्यार्थी सहभागी हुने र उनीहरूलाई दुवैतर्फका सुरक्षाकर्मीले अध्यापन गराउने गरेको बताए ।



नेपाल–भारतका बालबालिकालाई अध्यापन गराउँदै दुवै देशका सुरक्षाकर्मी । तस्वीरः प्रतीक

बालबालिकाहरूलाई दुई घण्टा अध्यापन गराउँदै छन् ।

भारतीय एसएसबीका ७१ नं. बटालियनका डिप्टी कमान्डर अंशुल श्रीवास्तवले सीमा चौकीको अवस्था अवलोकन गर्ने क्रममा बालबालिकाहरू त्यत्तिकै घुमफिर गरिरहेको र उनीहरूसँग सोध्दा कोरोनाको कारण विद्यालय बन्द भएको बताएपछि आफूहरूले उपलब्ध जागृत गराउनुका साथै उनीहरूलाई नेपाल–भारतबीचको सम्बन्धबारे पनि जानकारी गराउँदै आएको बताए । उनले यो कार्यमा नेपालको सशस्त्र प्रहरीको पनि सहकार्य रहेको बताएका छन् ।

सशस्त्र प्रहरीका सागर झाले दुवैतर्फका बालबालिकालाई संलग्न गराइ सचेतनामूलक शिक्षा कार्यक्रम सञ्चालन गरिएको बताए । कोरोनाविरुद्ध सचेतनाका साथै दुई देशका सम्बन्धबारेमा जानकारी गराइरहेको उनले बताए ।

बालबालिकाहरूले कोरोना सङ्क्रमणबारे सचेत भएर आआफ्नो अभिभावकहरूलाई सचेत गराउन सक्ने र दुई देशबीचको सम्बन्धबारे पनि जानकारी हासिल गर्ने सशस्त्र प्रहरी झाले बताए ।

## अहिले सङ्क्रमण घटेकै हो

### - संयोजक डा सिंह

प्रस, वीरगंज, २५ जेठ/

नारायणी अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले सङ्क्रमण नियोजित र निर्देशित तवरबाट



डा उदयनारायण सिंह । तस्वीरः प्रतीक

नभई स्वतः घटेको बताएका छन् ।

उनले अहिले शङ्कास्पद सङ्क्रमितहरू आउने क्रम कम भएको र यससँगै सङ्क्रमण दर घटेको बताए । संयोजक डा सिंहले यसअघि पनि अस्पतालमा शङ्कास्पद सङ्क्रमितहरू आएर स्वाब नमूना दिने र सोको परीक्षण हुने गरेकोमा अहिले पनि सो क्रम जारी रहेको बताए । उनले सङ्क्रमण दर घट्नुमा अरू कुनै कारण नभई शङ्कास्पद सङ्क्रमितहरूको उपस्थिति कम भएकोले हुन गएको बताए । उनले अहिले दैनिकरूपमा सङ्कलित स्वाब नमूनाको सोही दिन परीक्षण हुने गरेको र सोको रिपोर्ट पनि सार्वजनिक गर्ने गरिएको बताए ।

पहिलो लहरको कोरोनाकालमा जिल्ला स्वास्थ्य कार्यालयले कन्टयाक्ट ट्रेसिङ र यात्रा विवरण अनुसार शङ्कास्पदहरूको स्वाब नमूना सङ्कलन गर्ने गरेको भएपनि यसपटक त्यस्तो कार्य नभएकोले पनि सङ्क्रमित दर घटेको उनको भनाइ थियो । अहिले अस्पतालमा मात्र पिसिआर परीक्षण भइरहेको र शङ्कास्पद सङ्क्रमितहरू अस्पतालमैं आएर स्वाब नमूना दिने गरेको संयोजक डा सिंहले प्रस्टयाए ।

नारायणी अस्पतालमा हुने पिसिआर परीक्षण डेढ सातादेखि निकै घटेपछि यसबारे विभिन्न टीकाटिप्पणी शुरू भएको थियो । नियोजितरूपमा सङ्क्रमण दर घटाइएको भनी आरोप लगाउने कार्य भइरहेको थियो । यस सम्बन्धमा संयोजक डा सिंहले सङ्क्रमण दर घट्नुमा कुनै प्रायोजित र नियोजित काम नभएको बताए । दोस्रो लहरको शुरूको बेला धेरै शङ्कास्पद व्यक्ति स्वाब सङ्कलनका लागि आएका बेला सङ्क्रमण दर बढेको थियो भने यतिखेर अहिले उनीहरूको उपस्थिति पातलिएर सङ्क्रमण दर पनि कम देखिएको र सोही अनुसार अस्पतालले रिपोर्ट सार्वजनिक गर्ने गरेको डा सिंहले बताए ।

यसैबीच, उनले आज एकजना सङ्क्रमितको मृत्यु भएको बताए । लालबन्दी नगरपालिका–७ सर्लाही निवासी ५६ वर्षीय पुरुषको मङ्गलवार बिहान १० बजे मृत्यु भएको हो । उनी जेठ ११ गते अस्पतालमा भर्ना भएका र १२ गते सङ्क्रमित पुष्टि भएका थिए ।

## रक्सौलमा लकडाउन हट्यो

प्रस, रक्सौल, २५ जेठ/


बिहार सरकारले मङ्गलवारदेखि लकडाउन हटाएको छ । मे १ तारिखदेखि लागू भएको लकडाउन अवधि १ महीना ८ दिनसम्म बढाउँदै आजबाट हटाइएको छ ।

लकडाउन हटाएसँगै रक्सौलमा बिहानदेखि साँझ ५ बजेसम्म सबैखाले पसल सञ्चालन हुनेछन् । तर साँझ ७ देखि बिहान ५ बजेसम्म दैनिक कर्फ्यू जारी गरिएको छ । लकडाउन हटाए पनि शैक्षिक संस्थाहरू खोलिएका छैनन् । त्यसैगरी, सरकारी तथा गैरसरकारी कार्यालयहरू साँझ ४ बजेसम्म ५० प्रतिशत कर्मचारीको उपस्थितिमा सञ्चालन गर्न अनुमति दिइएको थियो । प्रारम्भमा एक साताको लागि यो व्यवस्था गरिएको हो । यो अवधिमा सबैखाले निजी तथा सार्वजनिक सवारीसाधन सञ्चालन हुनेछन् ।

## खलिमायाको छाना छाउन युवाहरू सक्रिय

चिरञ्जीवी सापकोटा, ठोरी, २५ जेठ/

ठोरी गाउँपालिका–१ भगवाननगरको राँचीटोलमा बस्दै आएकी खलिमाया कार्की लिम्बूको घरमा छाना छाउन युवाहरू सक्रिय भएका छन् ।



खलिमायाको खर, काठयुक्त घर । तस्वीरः प्रतीक

अतिविपन्न खलिमायाको सानो झुपडीको अवस्था निकै दयनीय छ । खरले छाएको छाना हावाहुरी चल्दा उडाउँछ भने पानी पर्दा चुहिन्छ ।

हालै ठोरी गाउँपालिकाले खरको छाना भएकाहरूलाई जस्तापाताको छाना दिने भन्दै नाम सार्वजनिक गऱ्यो तर खलिमायाको नाम सूचीमा नभएपछि उनले स्थानीय युवाहरूसँग बिलौना गरिन् । त्यसपछि ठोरीका युवाहरूले खलिमायाको घरमा जस्तापाताको छाना छाउन रकम सङ्कलन अभियान सञ्चालन गरेको ज्योति घिमिरेले बताए ।

ठोरी गापा–१ र २ का युवाहरूको आर्थिक सहयोगमा सङ्कलन गरिएको रु ३७ हजार मङ्गलवार एक कार्यक्रमबीच खलिमायालाई हस्तान्तरण गरिएको र चाँडै उनको घरमा जस्तापाताको छाना छाउने ठोरी–२ का धीरसिंह घिमिरे बताए ।

## विचारसार र सूक्तिहरू

**समस्त पवित्रतामध्ये धनको पवित्रता (इमानदारी) सर्वोच्च हुन्छ । माटो, पानीबाट प्राप्त पवित्रता वास्तविक हुँदैन । अर्थात् जोसँग इमानदारीको पैसा छ, उही पवित्र हो ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## बधाई छ, ठोरी

**पर्साको ठोरी गाउँपालिकाले आफूलाई कोरोना सङ्क्रमणमुक्त पालिका घोषणा गरेको छ। पहिलो लहरताका २/३ जना मात्रै सङ्क्रमित देखिएको ठोरीमा दोस्रो लहरमा हालसम्म १९ जना पुगेछ। यो त जसले पालिकासँग परीक्षण गरायो, उनीहरूको तथ्याङ्क मात्रै हो। कतिपय व्यक्ति लक्षण नदेखेरै सङ्क्रमणमुक्त भए होलान्, कतिले लक्षण देखिए पनि परीक्षण नगराएको पनि हुन सक्छ। जेहोस्, परीक्षणमा सङ्क्रमण पुष्टि भए जति सबैजना सङ्क्रमणमुक्त भएका छन्। डेढ वर्ष पहिले चीनको वुहानबाट शुरू भएको कोरोना भाइरसले आजसम्म आइपुग्दा कैयौंपटक आफ्नो स्वरूप परिवर्तन गरिसक्यो। त्यसमध्ये मानवको लागि घातक सातवटा मानिएका भए तापनि मुख्यतः तीनवटा स्वरूपले मानवलाई क्षति पुर्‍याइरहेको छ । हाम्रो मुलुकले पहिलो र दोस्रो भेरियन्टको सामना गरिरहेको छ । दोस्रो भेरियन्टबाट सङ्क्रमणमुक्त पालिकाहरू मुलुकमा अति कम छन् । पहाड र हिमाली क्षेत्रका केही पालिका जहाँ दोस्रो भेरियन्ट पुगेकै छैन, उनीहरू मुक्त छन्। पर्सामा १४ वटा पालिकामध्ये दोस्रो भेरियन्टले छोएर पनि सङ्क्रमणमुक्त घोषणा भएको ठोरी पहिलो स्थानीय तह हो ।**

**जिल्ला सदरमुकामदेखि सबैभन्दा लामो दूरीमा रहेको ठोरीको कथाव्यथा आफ्नै किसिमको छ। पहिलो या दोस्रो दुवै भेरियन्टमा ठोरीका सङ्क्रमितहरूको सूची जिल्लामा छैन । पहिलो भेरियन्टताका एन्टिजेन प्रविधि नहुँदा क्वारेन्टाइनमा बसेका ठोरीवासीको स्वाबको पिसिआर परीक्षण काठमाडौंमा हुन्थ्यो। सुखले होइन, दुःखले। जिल्लाले ठोरीलाई हेर्ने फुर्सद नै नपाएपछि निकुञ्जको जङ्गलमा तैनाथ नेपाली सेनाको सहयोगमा स्वाब काठमाडौं पुर्‍याएर परीक्षण गरिन्थ्यो । चालू दोस्रो भेरियन्टमा पनि ठोरीका सङ्क्रमित एवं सङ्क्रमणमुक्त हुनेहरूको दैनिक सूची जिल्लामा जोडिएको पाइएन । “आज जिल्लामा कतिजना सङ्क्रमित ?” सञ्चारकर्मीले सूचना माग्दा ठोरीबाहेकको तथ्याङ्क मात्रै जिल्लाका आधिकारिक निकायहरूबाट पाइरहेको अवस्था छ। सहारा नपाउने स्वतः आफैं सक्षम बन्नेछ, यो प्रकृतिको नियम हो। ठोरीमा पनि यही नियम लागू भएको छ। उसले आफ्नो तयारी आफैं गरिरहेको छ । कोरोनाविरुद्धको अभियानमा एन्टिजेन आफैं खरीद गरेर परीक्षण गरिरहेको र अक्सिजन कन्सेन्ट्रेटरसहितको कोरोना अस्पताल आफ्नै स्रोतबाट सञ्चालनमा ल्याएको पालिकाको रूपमा पनि ठोरीले पहिचान बनाएको छ ।**

**घर, टोल, वडा हुँदै पालिका सङ्क्रमणमुक्त हुने हो । पालिका हुँदै जिल्ला सङ्क्रमणमुक्त हुन्छ । सबै पालिकाले आआफ्नो स्थानबाट क्रियाशील भए मात्र यो सम्भव छ । कोरोना हाम्रो माटोमा उम्रँदैन। अहिलेसम्मको अध्ययन अनुहार टाढाबाट बतासिएर आउने हावा वा प्रकाशले पनि ल्याउँदैन । सङ्क्रमणको मुख्य माध्यम मानिसले नै हो। सङ्क्रमण भएको दश दिनपछि अरूलाई सर्दैन भन्ने छ। उसो हो भने पालिकाभन्दा बाहिरबाट आएकालाई मापदण्ड अनुसारको १४ दिन होम क्वारेन्टाइन, शङ्कास्पद वा सङ्क्रमितलाई आइसोलेशन र आयातित सामानलाई तोकिए अनुसार भण्डारणमा कडाइ गर्ने हो भने कोरोना नफैलने र मुक्त भइने स्पष्ट छ । यही प्रक्रियाबाट सफलता प्राप्त गरेको ठोरीलाई बधाई छ । कोरोनामुक्त अवस्थालाई निरन्तरता दिन सकोस् शुभकामना । तर मुक्त भइयो भनेर लापरवाही थालियो भने पुनः सङ्क्रमण निश्चित छ । त्यसैले थप सचेतना पनि जरुरी छ ।**

# विश्व वातावरण दिवस र नेपाल

जून ५ मा विश्वभरि वातावरण दिवस मनाइयो। नेपालमा पनि यो प्रत्येक वर्ष मनाइँदै आइएको छ । पर्यावरण सन्तुलन भनेको मुख्यतया जल, वायु र जीवहरूको लागि जीवनदायिनी हुनुपर्‍यो भन्ने हो । तर मनुष्यले नै जन्माएको उपभोक्तावाद संस्कृतिका कारण शुरू भएको उद्योगीकरणजन्य कार्बनसहितका ग्याँसहरूको उत्सर्जनका कारण पृथ्वीको वायुमण्डलको तापक्रम बढ्दै गइरहेको छ, जसलाई २१ औं शताब्दीको अन्त्यसम्म १.५ डिग्री सेल्सियसभन्दा बढी बढ्न नदिन विभिन्न कार्यक्रम ल्याइएको छ। यो विश्वव्यापीरूपमा चल्ने कार्यक्रम हो । चलिरहला तर आज नेपालको सन्दर्भमा कुरा गर्दा जल तथा वायु प्रदूषणको अवस्था अत्यन्तै सान्दर्भिक हुन आउँछ । जलस्रोतमा अत्यन्तै धनी भएर ४२ हजार मेगावाटसम्म विद्युत् उत्पादन गर्ने क्षमता हामीसँग छ तर आज पनि १२ सय मेगावाट उत्पादन तथा ६/७ सय मेगावाट आयात गरिरहेका छौं। नेपालको नदीहरूमा बग्ने पानी प्रयोग गरेर नाइट्रोजनयुक्त मलखाद बनाउन सक्ने प्रचुर सम्भावना भए पनि महँगो विद्युत् महसूलका कारण यसले उद्योग लाभदायक हुने देखिएको छैन भने नेपालका प्रायः सबै शहरमा पानीको भूमिगत सतह घट्न गएर गर्मीयाममा समस्या देखिन थालेको छ । प्राकृतिक नदीनालाहरू सबै चुरेको अति दोहनबाट प्रभावित भएका छन् जसका कारण अन्नको भण्डार मानिने तराईको मरुभूमीकरण शुरू भएको लामो समय बितिसकेको छ। किन हुँदैछ यस्तो भनेर विचार गर्दा सबभन्दा पहिले ‘हरियो वन नेपालको धन’ भन्ने उक्तिका साथसाथै चारकोसे झाडीको सम्झना हुन्छ, जुन जैविक विविधताले भरिपूर्ण थियो । यसमा रहेका साखुका अग्ला वृक्षमा बादलहरूलाई विद्युत् प्रक्रियाबाट आकर्षित गरी पानी पार्ने क्षमता थियो र त्यसैले चारकोसे झाडीलाई वर्षा आकर्षित गर्ने जङ्गल (रैन अट्राक्टिभ फरेस्ट) पनि भन्ने गरिन्थ्यो । यसको विनाश सर्वप्रथम राजा महेन्द्रको पूर्व–पश्चिम राजमार्ग, हुलाकी सडकको उपेक्षा गर्दै जङ्गलको बीचबाट बनाउने निर्णयबाट भयो ।

यो एउटा रणनीतिक राजनैतिक निर्णय थियो । तर यसले पहाड र तराईका बासिन्दाले गरिरहेको दुईतर्फी दोहनलाई अब सडकको दुवैछेउमा बस्दै गरेका बस्तीबाट पनि हुन थाल्यो र आज चारकोसे कतिमा सीमित छ कोही बोल्न चाहँदैन। मलाई २०४६ सालमा अन्तरिम सरकारमा कृषि तथा वनमन्त्री र पूर्व प्रम झलनाथ खनालले नेपाल टिभीलाई दिएको एउटा अन्तर्वार्ताको सम्झना छ जसमा उनले नेपालमा अब क्राउन हेडेड जङ्गल ५ प्रतिशत मात्र बाँकी रहेको उल्लेख गरेका थिए। क्राउन हेडेड अर्थात् घना जङ्गलमा उभिएर आकाशतर्फ हेर्दा आकाशको ३० प्रतिशत भाग मात्र देखिने र अरू सबै भाग अर्थात् ७० प्रतिशत भाग रूख–बिरुवाले ढाकेर आकाश नदेखिने जङ्गललाई भनिन्छ ।

यो जङ्गल अब नेपालमा कति बाँकी छ ? वन जङ्गल काटिंदा अन्धभक्तिको अर्को स्वरूप सागरनाथ वन परियोजना।

### स्वतन्त्र विचार



विनोद गुप्ता

**तापक्रमको यो वृद्धिले फेरि अन्नबाली, फलफूलको समय र उत्पादनका साथै सबैभन्दा बढी त्यस्ता गरीबलाई प्रभावित पार्दछ, जो जीविकोपार्जनको लागि दिनमा खुलामा काम गर्दछन् । यिनीहरू कि डिहाइड्रेशनका शिकार हुन्छन् वा मृत्युवरण गर्छन् ।**

यसमा यथेष्ट मसलाका रूख लगाइएको थियो, जबकि यो रूखको ट्रान्सपोर्टेशन दर अत्यन्त उच्च हुने भएकोले सिमसार वरिपरि बादल क्षेत्रको लागि उपयोगी मानिन्छ। त्यसपछि आयो सिसौं रोप्ने सिलसिला । जैविक विविधताको अध्ययनविना गरिएको यो कार्यले पनि अन्ततः सफलता पाउन सकेन र रूखहरू सुक्न थालेपछि यसमा पनि रोक लागेको छ । यस प्रकारको कार्यले नेपालको जङ्गलको जैविक विविधतालाई नष्ट मात्र गरेन, कैयन् जडीबुटीका प्रजाति लोप नै भए। त्यसपछि शुरू भयो गिट्टी, बालुवा निकासीको सिलसिला । आन्तरिक खपतको लागि यो आवश्यक र उचित नै थियो, किनभने बर्सेनि बाढी–पहिरोले बगाएर ल्याएको माटो नेपालबाट बगेर बङ्गालको खाडीमा एउटा टापू नै बन्न थालेको समाचारहरू आएकै हुन् । तर एक्साभेटर लगाएर पहाड खन्ने, नदी उत्खनन गर्नुका साथै भारततर्फ निकासीको कारण चुरेको जुन विनाश शुरू भएको छ, त्यो यही गतिमा चल्ने हो र वनजङ्गलको विनाशबाट भइरहेको क्षतिसमेत नेपाल अकल्पनीय प्राकृतिक त्रासदीमा फस्न गएको स्पष्ट देख्न र बुझ्न सकिन्छ। अझ नपुगेर २२ लाख रूख काटेर बनाइने भनिएको निजगढ विमानस्थल र सरकारले व्यापार घाटा कम गर्न गिट्टी, बालुवा निर्यात गर्ने घोषणाले यो विपत्तिलाई झन् बढाउने छ।

निजगढ विमानस्थलबारे मैले पढेसम्म यो अमेरिकाको एटलान्टामा रहेको एक करोड यात्रीको चाप थेग्न सक्ने विमानस्थलकै बराबर वा अलि ठूलै हुने र यसमा पूर्व एवं पश्चिमबाट अवतरण गर्न सकिने विशेषता रहेको बुझेको छु। दशकौंको प्रयासपछि २७ लाख पर्यटक भित्र्याउन नसक्ने र तीनतिरबाट भारतले घेरिएकोले चीनबाट मात्र भारतको अनुमतिबेगर आउन सकिने यो विमानस्थल त्यत्तिकै आवश्यक ठानिएको छ भने जङ्गलभन्दा दक्षिणको समथर भूमिमा बनाउँदा ठूलो प्राकृतिक त्रासदीलाई केही हदसम्म कम गर्न सकिन्छ। होइन भने विशेषज्ञहरूको राय अनुसार विराटनगर र सिमरालाई क्षेत्रीय विमानस्थलको रूपमा स्तरोन्नति गर्दासमेत चारवटै क्षेत्रीय विमानस्थलले नेपालको २५–३० वर्षको पर्यटनको गर्जो टार्न सकिने देखिन्छ । तर निजगढ विमानस्थलको निर्माणबाट निम्तिने विपत्तिलाई कसैले टार्न सक्दैन। यसमा थपिंदै छ पूर्व–पश्चिम रेलमार्ग । पूर्व–पश्चिम महेन्द्र राजमार्ग पूर्व–पश्चिम रेल र हुलाकी सडक गरी औसतमा प्रत्येक ७ किलोमिटरमा एउटा सडक वा रेलमा चढ्ने यात्री र ढुवानी हुने मालसामानको पर्याप्तता छ जस्तो मलाई लाग्दैन । यसबाट तीनमध्ये कुनै एक सेतो हात्ती हुने प्रबल सम्भावना छ र मेरो अनुमानमा त्यो रेल नै हुन सक्छ ।

अब प्रसङ्ग आउँछ गिट्टी, बालुवाको। नेपाल सरकारको प्रवक्ताका अनुसार खानी तथा भूगर्भ विभागले अनुसन्धान गरी तोकेको क्षेत्रमा मात्रै उत्खनन गरिने र यो आन्तरिक आवश्यकता; पूर्व–पश्चिम राजमार्गलगायत अन्य सडकहरूको विस्तार र नयाँ सडक निर्माण गर्न प्रयोग गरिने छ भन्ने भनाइबाट दुईवटा प्रश्न खडा हुन्छः

पहिलो, आन्तरिक खपतको लागि हो भने व्यापार घाटा घटाउन भनेर किन उल्लेख गरियो र दोस्रो के नेपालबाट चुरे शृङ्खला हुँदै बग्ने १६४ नदीनालाहरूबाट अब आन्तरिक सडक विस्तारको लागि ढुङ्गा, गिट्टी र बालुवा पाउन सक्ने अवस्था छैन वा सरकार यस धन्दामा लागेका बाहुबलीहरूबाट त्रसित छ । केही दिन अगाडि पूर्वमा अवैध उत्खनन रोक्ने एकजना इन्जिनीयरको हत्या एवं प्रशासनका बडासाहेबहरू उजूरीका बावजूद निरीक्षणमा नजाने र गए पनि कुनै कारबाई नगर्ने अवस्थाबाट त यस्तै हो भन्ने भान पर्दछ। यस्तो अवस्थामा जनता आफैंले यस्ता दुष्चक्रलाई तोड्ने कार्य नगर्ने हो भने नेपालको पर्यावरण भगवान भरोसे नै रहने छ।

त्यस्तै नेपाल प्रहरीका एकजना डिएसपीको मृत्यु पनि क्रसर उद्योगको आन्तरिक कलहका कारण भएको हुन सक्ने आशङ्का गरिए पनि थप के भयो भन्ने कुरा कहिले सार्वजनिक भएन ।

अब कुरा गरौं वायुको । नेपालमा वायु प्रदूषण अत्यधिक छ भन्ने कुरा गत लकडाउनमैं प्रमाणित भएको थियो । वायु प्रदूषण हुनु भनेको यसमा कार्बन मोनोअक्साइड, सल्फर र नाइट्रोजन ग्याँस मिसिएर प्राणीलाई प्रतिकूल असर पार्ने अवस्था हो । नेपालमा ठूला उद्योगमा चिनी, सिमेन्टबाहेक अन्य छैन । चिनी उद्योग खास समयमा मात्र चल्छ भने सिमेन्ट उद्योगहरू अहिले धेरै चलेका छन् । यसबाहेक स्टिम प्रयोग गरिने उद्योगहरूमा समेत ब्वायलरको चिम्नीबाट निस्कने धूवाँमा कार्बन कण हुन्छ। ग्याँस रूपमा रहेको कार्बन डाइअक्साइडलाई रूख–बिरुवाले प्रकाश–संश्लेषणको लागि प्रयोग गरी अक्सिजन फ्याँक्ने गर्दछ जसले वायुमण्डलमा अक्सिजन पर्याप्त मात्रामा रहन्छ। नेपालले बर्सेनि कार्बन ग्राफ्ट पाउँदै आएको छ। यो वनजङ्गल संरक्षण गरेबापत विकसित देशहरूले विकासशील र विकासोन्मुख देशलाई दिएको एक प्रकारको क्षतिपूर्ति हो। तर यति सबै हुँदासमेत नेपालमैं समेत वायुमण्डलको तापक्रम बढेको छ। यो बढ्नुको कारण वायुमण्डलमा कार्बन कणको मात्रा बढ्नु हो, किनभने यस्ता कणले कङ्क्रिट भवन र धर्तीकै तापलाई वायुमण्डलको माथिल्लो सतहबाट जानबाट रोकिदिन्छ जसले वायुमण्डलको तापक्रम बढ्न जान्छ। यसै प्रक्रियालाई ‘ग्रीन हाउस इफेक्ट’ भन्ने गरिएको छ। तसर्थ अत्याधुनिक प्रविधिको प्रयोगबाट पनि हामी नेपालमा वायु प्रदूषण छ, जसका कारण तापक्रममा वृद्धि भइरहेको भन्न सक्छौं। तापक्रमको यो वृद्धिले फेरि अन्नबाली, फलफूलको समय र उत्पादनका साथै सबैभन्दा बढी त्यस्ता गरीबलाई प्रभावित पार्दछ जो जीविकोपार्जनको लागि दिनमा खुलामा काम गर्दछन्। यिनीहरू कि डिहाइड्रेशनका शिकार हुन्छन् वा मृत्युवरण गर्छन् । यसको पुष्टि खाडी मुलुकमा काम गर्न गएका कामदारहरूको मृत्युदरबाट समेत पुष्टि हुन्छ । अब अर्को प्रश्न छ कार्बनलगायत ग्याँसहरूको उत्पत्तिमा कसको कति योगदान छ। मेरो अनुमान नेपालमा गाडीहरूबाट ५–७ प्रतिशत, उद्योगधन्दाबाट १०–१२ प्रतिशत र ८०–८५ प्रतिशत वनजङ्गलको विनाशबाट भइरहेको छ। यसमा सरकारले अध्ययन गराउन नचाहे पनि उद्योगपति वा उनका प्रतिनिधि संस्था उद्योग वाणिज्य सङ्घले कुनै निष्पक्ष संस्थासँग अध्ययन गराएमा वास्तविकता छर्लङ्ग भई सरकारमाथि वनजङ्गल फडानी रोक्न र उद्योगहरूको नाम दुर्नाम गराउने कार्य बन्द गर्न दबाब पर्नेछ । लामो समय अर्थात् २०५२ सालदेखि लोडसेडिङ खेपिरहेको मुलुकमा यही अवधिमा शुरू भएको जनयुद्ध, २०५८ मा ज्ञानेन्द्रको कू र त्यसपछि २०६२–०७२ सम्मको तरल राजनैतिक अवस्था र अब २०७६–०७७ मा कोभिड लहरका कारण निरन्तर १८ वर्षदेखि औसत ५० प्रतिशत क्षमता वा सोभन्दा कममैं चलेको र भर्खर उद्योगीकरणतर्फ वामे सर्न लागेको देशमा समग्रमा उद्योगधन्दाले वायु प्रदूषण भयो भन्न सुहाउँदैन । कुनै ठाउँ विशेषमा उद्योगधन्दा वरिपरि भएको छ भने त्यसलाई पक्कै नियन्त्रण गर्नुपर्दछ। माथिका आधारहरूले सरकार प्राकृतिक सम्पदा दोहन गरी रजाई मात्र गर्न खोजेको देखिन्छ । खासमा वातावरण संरक्षणमा सरकारको कुनै रुचि देखिंदैन।

## बढी शुल्क लिने अस्पतालमाथि उजूरी गर्न मन्त्रालयको अनुरोध

काठमाडौं, २५ जेठ/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड–१९ को उपचार शुल्क सरकारले तोकेभन्दा बढी लिने स्वास्थ्य संस्थामाथि उजूरी गर्न अनुरोध गरेको छ । मन्त्रालयले कोरोना उपचारका क्रममा सरकारले तोकेकोभन्दा बढी शुल्क लिएको पाइएमा त्यस्ता स्वास्थ्य संस्थामाथि मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेशका सामाजिक विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा उजूरी गर्न अनुरोध गरेको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले सरकारले तोकेकोभन्दा बढी शुल्क लिने गरेको जनगुनासो आएकाले उजूरी गर्न अनुरोध गरिएको बताए । उनले उजूरीको आधारमा त्यस्ता स्वास्थ्य संस्थालाई नियमानुसार कारबाई गरिने बताए ।

सरकारले सङ्क्रमितको उपचार व्यवस्थापनका लागि सामान्य बिरामीलाई रु तीन हजार ५०० प्रतिदिन, मध्यम बिरामीका लागि रु सात हजार प्रतिदिन र गम्भीर प्रकृतिका बिरामीलाई रु १५ हजार प्रतिदिन तोकेको छ। उक्त शुल्क सरकारी अस्पताल र सरकारले तोकेका अस्पतालमा सङ्क्रमित बिरामीको उपचार गरेबापत मन्त्रालयले ती अस्पताललाई शोधभर्ना दिने गरेको छ।

सरकारले सबै सरकारी अस्पताल र मन्त्रालयले सार्वजनिक गरेको सूची अनुसार सेवा सम्झौता गरेका निजी अस्पतालमा सङ्क्रमितको भने निश्शुल्क उपचारको व्यवस्था गरेको छ ।

मन्त्रालयले कुनै बिरामीले आफ्नै खर्चमा उपचार गर्न चाहेमा सरकारले तोकेको शुल्कमा ५० प्रतिशत थप शुल्क लिन सक्ने जनाएको छ । यसैगरी, स्वास्थ्य मन्त्रालयले उद्योग मन्त्रालयलाई सरकारले तोकेको शुल्क अनुसार सङ्क्रमितको उपचार भए वा नभएकोबारे अनुगमन गर्न अनुरोध गरेको छ । मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले सरकारले तोकेभन्दा बढी शुल्क लिने अस्पताललाई कारबाई गर्न उद्योग मन्त्रालयले अनुरोध गरेको जानकारी दिए ।

## करेन्ट लागेर मण्डलको मृत्यु

प्रस, सर्लाही, २५ जेठ/

जस्तापाताको छाना छाउने क्रममा करेन्ट लागेर वाग्मती नगरपालिका–२ का ३३ वर्षीय हरिकृष्ण मण्डलको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ ।

सोमवार बेलुका वाग्मती नपा–३ निवासी कृष्ण उप्रेतीको बङ्गुरको खोर बनाउने क्रममा मण्डललाई करेन्ट लागेको प्रहरी प्रवक्ता प्रनाउ मदन कुँवरले जानकारी बताए ।

जस्तापाता उचाल्दा ११ हजार भोल्टको तारमा टाँसिएपछि मण्डललाई करेन्ट लागेको थियो। उनलाई उपचारको लागि हरिवनस्थित जीवन अस्पताल लैजाने क्रममा बाटोमैं मृत्यु भएको प्रनाउ कुँवरले बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## विश्व स्वास्थ्य सङ्गठनद्वारा बढी मूल्य तिरी खोप खरीद नगर्न आग्रह

जेनेभा, २५ जेठ/सिन्ह्वा

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) ले विश्व समुदायलाई बढी मूल्य तिरेर खोप खरीद नगर्न आग्रह गरेको छ।

सङ्गठनले खोपको अभाव भइरहेको समय बढी मूल्य तिरेर खोप खरीद भएका सूचनाहरूलाई सम्बोधन गर्दै महामारीका समय मध्यस्थकर्ताहिरूबाट अत्यधिक मूल्य निर्धारण गरी खोप खरीद गर्ने खतराबारे सोमवार चेतावनी दिएको हो। कोभिड–१९ उपचारका क्रममा प्रयोग गरिने उत्पादनको स्तर पहिचान गर्नु अति आवश्यक रहेको पनि बताएको छ।

"मध्यस्थकर्ताहरूले निर्माता कम्पनीले बेचेकोभन्दा अत्यधिक बढी मूल्यमा खोप बिक्री गरिरहेका छन् भन्ने सूचनाहरू पाएका छौं। यो पक्कै पनि चिन्ताको विषय हो।

यसप्रति विश्वास स्वास्थ्य सङ्गठनको ध्यानाकर्षण भएको छ।" औषधि तथा स्वास्थ्य सामग्री पहुँचका लागि प्रत्याभूत गर्न बनेको सङ्गठनको समितिकी महानिर्देशक मारियान्गेला बटिस्टा गलभाओ सिमाओले पत्रकार सम्मेलनमा भनिन्।

संयुक्त अरब इमिरेट्समा हालै मध्यस्थकर्ताले घाना र पाकिस्तानलाई स्पुतनिक–भी खोपलाई वास्तविक मूल्यभन्दा दोब्बर मूल्य लिएर आपूर्ति गरेको समाचार बाहिरिएपछि सङ्गठनले नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषयमा यसो नगर्न चेतावनी दिएको हो।

सिमाओले कुनै पनि मुलुकले खोप तथा स्वास्थ्य सामग्री खरीद गर्दा कि त कम्पनीमा सीधैं सम्पर्क गर्ने वा मध्यस्थकर्ता वैध हो वा होइन प्रस्ट भएर मात्रै काम गर्न सम्बन्धित सबैलाई आग्रह गरेकी छन्।

कोभिड खोप र स्वास्थ्य सामग्रीसँग जोडिएका यी विषयमा धेरै भ्रम सिर्जना भएका अनेकौं सामग्रीले स्वास्थ्य मापदण्ड अनुसार अनुसन्धान पूरा गरे नगरेको निश्चित गर्नको लागि निर्मातालाई सम्पर्क गर्नु वाञ्छनीय हुने उनले बताइन्। उनले प्रमाणित खोप तथा स्वास्थ्य सामग्रीको प्रयोग सङ्क्रमणविरुद्धको अभियानमा आवश्यक भएको पनि उनले बताइन्।

नयाँ खोपहरू स्वीकृति दिन सङ्गठनले प्रयोग गरेको आपत्कालीन प्रयोग सूचीलाई उल्लेख गर्दै उनले भनिन्, "कतिपय देशले आपत्कालीन प्रयोगका लागि अनुमतिको सूचीमा रहेका खोपहरूलाई अनुसन्धान पूरा भएपछि नतीजाका आधारमा स्थायी उपचार तथा रोकथामका लागि प्रक्रिया अघि बढाइनुपर्छ।"

हालसम्म कोभिड–१९ को उपचारमा आपत्कालीन प्रयोगका लागि डब्लुएचओले आठवटा खोपलाई मान्यता दिएको छ। सिनोफार्म र सिनोभ्याक विश्वका धेरै देशमा वितरण भइसकेका दुई चिनियाँ खोप हुन्। रासस

## ब्रजीलमा एकै दिन एक हजारभन्दा बढी मानिसको मृत्यु

साओ पाओलो, २५ जेठ/सिन्ह्वा

ब्रजीलमा कोभिड–१९ को सङ्क्रमणबाट एकै दिनमा एक हजारभन्दा बढी मानिसको ज्यान गएको बताइएको छ। यहाँका स्वास्थ्य अधिकारीहरूले दिएको समाचार अनुसार यहाँ गत २४ घण्टामा १ हजार १० जनाको कोरोना भाइरस सङ्क्रमणबाट निधन भएको हो।

योसँगै ब्रजीलमा अहिलेसम्ममा ज्यान जाने व्यक्तिको सङ्ख्या ४ लाख ७४ हजारभन्दा बढी पुगेको बताइएको ब्रजीलका स्वास्थ्य अधिकारीहरूले जानकारी दिएका छन्। गत २४ घण्टामा ब्रजीलमा ३७ हजार ३२६ जना थप व्यक्तिमा कोरोना भाइरस सङ्क्रमण देखिएको पनि स्थानीय समय अनुसार सोमवार जानकारी दिइएको छ।

यो सङ्ख्यासँगै ब्रजीलमा कुल सङ्क्रमितको सङ्ख्या १ करोड ६९ लाखभन्दा बढी पुगेको यहाँका स्वास्थ्य अधिकारीहरूले जनाएका छन्। ब्रजीलको स्वास्थ्य मन्त्रालयले सोमवार दिएको जानकारीमा यहाँ पछिल्लो समयमा मृत्यु हुनेहरूको सङ्ख्या केही घटिरहेको भएपनि उल्लेख्य मात्रामा भने घट्न सकेको छैन।

यहाँ कोरोनाको नयाँ प्रजातिको भाइरस देखिएपछि पछिल्ला केही महीनामा सङ्क्रमितहरू झन् बढ्न थालेका छन्। ब्रजीलका स्वास्थ्य अधिकारीहरूले दिएको जानकारी अनुसार यहाँका प्रति एक लाख सङ्क्रमितमा २२५ जनाको ज्यान जाने गरेको छ।

ब्रजीलको साओ पाओलो शहर शुरूदेखि नै यो सङ्क्रमणको केन्द्रबिन्दुको रूपमा रहेको पाइएको छ। यस शहरका स्वास्थ्य संस्थाहरू भरिएका छन् भने ती संस्थाका आकस्मिक कक्षहरू पनि भरिएका छन्। ब्रजील संयुक्त राज्य अमेरिकापछि सबैभन्दा बढी नागरिकको ज्यान जाने देशमा पर्दछ।

### भारतमा एक लाखभन्दा कम व्यक्तिमा कोरोना सङ्क्रमण

नयाँ दिल्ली/सिन्ह्वा

भारतमा सोमवार एक लाखभन्दा कम व्यक्तिमा कोरोना सङ्क्रमण देखा परेको छ। गत २४ घण्टामा भारतमा थप ८६ हजार ४९८ व्यक्तिमा कोरोना सङ्क्रमण भएको छ। कोरोना सङ्क्रमितको यो सङ्ख्या ६३ दिनयताको सबैभन्दा कम हो।

कोरोना सङ्क्रमण शुरू भएयता यहाँ सङ्क्रमितको जम्मा सङ्ख्या २ करोड ९० लाख ९७ हजार १०९ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले मङ्गलवार जानकारी दिएको छ। त्यसैगरी, भारतमा कोरोना सङ्क्रमणको कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्यामा सोचेजस्तो कमी नआए तापनि केही समययता यस प्रकोपको कारण ज्यान गुमाउनेको सङ्ख्यामा केही कमी आएको मन्त्रालयले मङ्गलवार जानकारी दिएको छ।

भारतमा गत २४ घण्टामा २ हजार १२३ जनाको कोरोना सङ्क्रमणबाट मृत्यु भएपछि यहाँ कोरोनाबाट मृत्यु भएका व्यक्तिको सङ्ख्या ३ लाख ५१ हजार ३०९ पुगेको छ। गत २४ घण्टामा भारतमा १ लाख ८२ हजार २८२ जना कोरोनामुक्त भएका छन्। यसैसँग भारतमा हालसम्म २ करोड ७३ लाख ४१ हजार ४६२ जना व्यक्ति कोरोनामुक्त भएका छन्।

हाल यहाँ १३ लाख ३ हजार ७०२ जना सक्रिय सङ्क्रमित छन्। भारतमा जून ६ तारिखसम्म ३६ करोड ६३ लाख ३४ हजार १११ जनाको कोरोना परीक्षण गरिएको सरकारी स्रोतले जानकारी दिएको छ।

गत जनवरी १६ तारिखबाट यहाँ कोरोना भाइरसविरुद्ध खोप अभियान शुरू भएको थियो। सो समयदेखि हालसम्म कोरोना भाइरसविरुद्ध २३ करोड ६१ लाख ९८ हजार ७२६ डोज खोप लगाइएको छ। रासस

## सिरियाका लाखौं नागरिकलाई मानवीय सहयता आवश्यक

संयुक्त राष्ट्रसङ्घ, २४ जेठ/सिन्ह्वा

सिरियाको उत्तरपश्चिमी क्षेत्रका लाखौं नागरिकलाई मानवीय सहायताको आवश्यकता परेको छ। ती क्षेत्रका मानिसलाई अहिले खाना, औषधि तथा अन्य आधारभूत तथा अत्यावश्यकताका सामग्रीहरूको पनि उपलब्धता हुन सकेको छैन।

संयुक्त राष्ट्रसङ्घका मानवीय सहायतासम्बन्धी निकायका अधिकारीहरूले सो कुराको जानकारी दिएका हुन्। उनीहरूका अनुसार सिरियाको उत्तरपश्चिमी क्षेत्रमा बसोबास गरिरहेका ३४ लाख नागरिकमध्ये ९० प्रतिशतलाई मानवीय सहायताको खाँचो रहेको छ।

ती नागरिकहरू सिरियामा करीब एक दशकदेखि द्वन्द्वको चपेटामा परेका छन्। जसका कारणले अहिले आएर आर्थिक सङ्कट थपिएको छ। त्यसैले उनीहरू खाना र बासकै समस्यामा परेका छन्। ती क्षेत्र बढी मात्रामा द्वन्द्वग्रस्त क्षेत्रहरू भएकाले सरकारले पनि सहायता सामग्री पुऱ्याउन सकिरहेको छैन।

संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले पछिल्लो समयमा त्यहाँ कोभिडको पनि समस्या उत्पन्न भएको जनाएको छ। यो महामारीबाट बच्ने उपायहरूका बारेमा यहाँका अधिकारीहरूले परामर्श पनि दिन नसकेका र सहायता पनि पुऱ्याउन नसकेका बताइएको छ।

सिरियामा राष्ट्रपति पदका लागि भएको निर्वाचनमा वर्तमान राष्ट्रपति बसर अल असद पुनः निर्वाचित भएका छन्। समाचारमा जनाइए अनुसार उनले यसपटकको निर्वाचनमा उनका प्रतिद्वन्द्वीहरूको भन्दा निकै धेरै मत ल्याएका थिए।

उनको ९५.१ प्रतिशत मत आएको सिरियाको संसद्ले घोषणा गरेको छ। यसपटकसमेत गरी उनी सिरियाको राष्ट्रपतिमा चौथोपटक निर्वाचित भएका हुन्।

सिरियामा सन् २०११ देखि नै राष्ट्रपति असदका विरुद्धमा जनआन्दोलन चर्किएको थियो। सिरियामा लामो समयदेखि हिंसा जारी छ। यहाँका लाखौं नागरिक यस हिंसाका कारण विस्थापित हुन पुगेका छन्। साथै ४ लाखभन्दा पनि बढी नागरिकले ज्यान गुमाएका छन्। रासस


**कुशवाहा मोटर्स**
वीरगंज–१४, पर्सा

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP)**

यस फर्म कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्नबमोजिम भएको बेहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्रान्ड | मोडेल | क्षमता | उत्पादित मुलुक | एकाइ | प्रतिएकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | E-Tricycle Complete Set FT-3 | Three wheeler | KM POWER | FT-3 2021 | 1+4 | China | 1 Pcs | 2,55,321.6 | 2,55,321.6 | |

विक्रेता फर्म नामः कुशवाहा मोटर्स, ठेगानाः वीरगंज–१४, पर्सा, पान नं. 605202391, एक्जिम कोड - 6052023910128NP, Mobile No. 9801082474


## प्रतिनिधिसभा विघटनका घटना र मधेस मुद्दाको अवस्था

**स्वतन्त्र विचार**




अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com


**मधेसको माग पूरा गराउन मधेसमा एउटा सशक्त राजनीतिक शक्तिको आवश्यकता छ। जुन एकताबाट प्राप्त हुन्छ। एकबद्ध र अडिग रहेको भए असम्भवप्रायः मानिने प्रधानमन्त्री पद मधेसवादीले नै पाउँथे कि ! यस्तो अवसर गुम्नुमा विभाजन नै कारक देखिएको छ।**

०७२ असोज ३ मा सङ्घीय गणतन्त्रात्मक संविधान जारी भएपछि मधेसबाहेक क्षेत्रमा दिपावली मनाइयो भने मधेसमा रगतको खोलो बग्यो। विशेषगरी वीरगंजको घण्टाघरमा त प्रहरीको गोली लागी एकजना नागरिकको ज्यान नै गयो। जारी संविधान संशोधन वा पुनर्लेखनको लागि मधेसको बलिदानको सुनवाइ भएन। नेताहरूले मधेसीको ज्यान जाँदा दुईचारवटा आँप झरेको संज्ञा दिए। मधेस र मधेसीको सवालको बढी विरोध गर्ने नेता वर्तमान प्रधानमन्त्री हुन् र मधेस र मधेसीलाई भारतले सहयोग नगरोस् भनेर भारतको विरोध गरे। भारतको विरोध गरेको कारण उनी राष्ट्रवादी नेताको रूपमा चिनाइए। सोही आधारमा उनले गैरमधेस क्षेत्रमा बहुमत पाए। तर उनको व्यवहारलाई मधेस र मधेसीले पटक्कै स्वीकार गरेन। मधेसी जनताले स्वीकार नगरेको कारण नै प्रतिनिधिसभा निर्वाचन, प्रदेशसभा निर्वाचन र स्थानीय निर्वाचनमा ओलीको पार्टीले मधेसमा खासै मत पाएन। मधेसीले ओलीको जवाफ गैरमधेस क्षेत्रमा दिन नसके पनि आफ्नो क्षेत्रमा मधेसवादी दललाई जिताएर कडा जवाफ दियो। फलस्वरूप पर्सा जिल्लामा चारवटै सिट मधेसी पार्टीले जित्यो। यस्तै मधेसको अन्य जिल्लामा पनि मधेसी पार्टीहरूले अत्यधिक मत पाए। २ नं प्रदेशमा मधेसवाद दललाई बहुमत प्राप्त भयो। २ नं प्रदेशको मधेस सरकार र ओली सरकारबीच खासै समन्वय कहिले भएन। २ नं प्रदेश सरकारसँग जहिलेपनि जुझ्ने काम भयो। ओली सरकारले जति अन्य क्षेत्रको विकासमा ध्यान दियो त्यति वीरगंजको विकासमा लगाएन। यहाँसम्म कि आर्थिक राजधानीको रूपमा चिनिने वीरगंजलाई धराशायी बनाउन कुनै कसर बाँकी राखेन। यहाँका अधिकांश उद्योग–व्यवसाय पश्चिमतिर गयो भने वीरगंज क्षेत्रमा लगानीकर्तालाई उत्साहित पनि गरिएन।

मधेसी अल्पसङ्ख्यक र भरखरै बसेको बस्तीलाई विकासको जति अवसर प्राप्त भयो, वीरगंजले त्यति पनि पाएन। पछिल्लो समय वीरगंजलाई विकासको अवसरबाट वञ्चित गर्ने कार्य सुनियोजित रूपमा मधेस आन्दोलनपछि नै भयो। विशेषगरी वीरगंजमा नाका अवरोध भएपछि देशव्यापीरूपमा आपूर्तिमा कमी आएपछि सरकारले सुनियोजित तरीकाबाट वीरगंजलाई पछि पार्ने काम गऱ्यो। त्यही भएर गत चुनावमा मधेसमा ओलीको पार्टीले खासै मत पाएन। यसबाट मधेसी जनताले ओली तथा ओली सरकारको व्यवहारलाई सकारात्मक रूपमा नलिएको बुझ्नुपर्छ। २२ जिल्लामा फैलिएको मधेस आज ८ जिल्लामा सीमित छ। मोरङ सुनसरी २ नं प्रदेशमा गाभिनेगरी सीमाङ्कन फेरबदल गर्न उठेको माग समाप्त भइसकेको छ भने सविधान संशोधनको कुनै सवाल नै रहेन। सेनामा प्रहरीलगायत सरकारी निकायमा मधेसको जनसङ्ख्याको अनुपातमा समावेशिताको कुरा पनि तुहिसकेको छ। स्वायत्त मधेस प्रदेश, आत्मनिर्णयको अधिकार, नागरिकता विवाद ज्यूँका त्यूँ छ। मधेसीलाई दोस्रो दर्जाको नागरिक बुझ्ने मानसिकतामा अझै कमी आएको छैन। जुन कुरा कहीं न कहीं निजामती सेवामा प्रमोशनबाट देखिएको छ।

वर्तमान सरकारमैं सामेल मधेसवादी दलको मन्त्रीलाई बेइज्जत हुनेगरी निकालिएको अवस्था देखिएकै हो भने मधेसी पार्टीमा विभाजन ल्याउन सरकारले अध्यादेश समेत ल्याएको जगजाहेर छ। मधेसको ऊर्जा मधेसवादी दलको एकता हो। जुन ऊर्जा समाप्त गर्न शुरूदेखि नै वर्तमान सरकार लागिपरेको सबैलाई थाहा छ। यस विषम परिस्थितिमा अहिले मधेसवादी दल विभाजित उही सरकारमा सहभागी भइसकेको छ। यसलाई मधेसको मुद्दा पूरा गराउन सरकारमा सहभागी भएको दाबी गरिएको छ। जसको कुनै आधार छैन। प्रधानमन्त्रीको संसद् विघटनको कामलाई विरोध गर्ने नेताहरू आज सरकारमा सहभागी भई सरकारको कामलाई धाप दिन पुगेका छन्। जुन विरोधाभास हो। ती नेताहरू मधेसको माग पूरा गराउन सरकारमा गएको दाबीलाई पत्याउने कुनै आधार छैन। केवल सत्ता स्वार्थको लागि गएको प्रस्ट देखिन्छ। वर्तमान सरकार चुनावी सरकार हो, जसलाई दीर्घकालीन असर हुने खालको कुनै निर्णय गर्ने अधिकार छैन। संविधान संशोधन गर्ने कुनै आधार छैन।

एकपटक संसद् विघटन हुँदा अदालतले असंवैधानिक घोषित गरिसकेको छ। दोस्रोपटकको विघटनक उपर मुद्दा छ। यस अवस्थामा मधेसवादी नेताहरू वर्तमान सरकारमा सहभागी हुनुले मधेसको मुद्दा भन्दा सत्ता स्वार्थ बढी कारक देखिएको छ। एउटा लाभ के देखिएको छ भने वीरगंजले दुईजना मन्त्री पाएको छ। अब वीरगंजले विकासको कति अवसर पाउँद्ध भविष्यमा देखाउने छ। सरकारले जन्मसिद्ध नागरिकको सन्तानलाई नागरिकता दिने अध्यादेश जारी गरेको छ। जसमाथि अदालतमा ११ वटा रिट परेको छ। अदालतले अन्तरिम आदेश जारी गऱ्यो भने सरकारको अवधिसम्म स्थगित रहन्छ। जसको कुनै अर्थ नै छैन जनतालाई झुक्याउने ललिपप मात्र हो। लागेको मुद्दा त अरू माध्यमबाट पनि फिर्ता लिने सकिने हुन्छ। जबकि वंशजको आधारमा नागरिकता लिएकाहरूको छोराछोरी नेपालमा जन्मेका छन् भने उनीहरूलाई नागरिकता दिनेगरी सयकडौं मुद्दामा अदालतले निर्णय गरिसकेको छ। यसर्थ वर्तमान सरकारमा प्रवेश गरेर मधेसको मुद्दा पूरा भएको र हुने आधार छ भनी मान्ने अवस्था छैन।

मधेसको मुद्दा केही होइन, यदि मधेसी शक्तिमा एकता रह्यो भने। अहिले ३२ सिट पाउनुमा मधेसवादी दलहरूको एकता नै थियो। मधेसको मुद्दा पूरा गराउने मुख्य स्रोत मधेसवादी दलहरूको एकता रहेकोमा विभाजित भएर सरकारमा सहभागी हुनुले मधेसलाई के लाभ हुन्छ ? मधेसी शक्ति झन् कमजोर हुन्छ। आउँदो चुनावमा यसको असर प्रत्यक्ष देखिने छ। मधेसवादी दलहरू विभाजित हुनुले मधेसमा दुई ठूला दलको विकल्प रहन्न। यसर्थ एकताबद्ध पार्टीलाई विभाजन गरेर सरकारमा जानु मधेसकै लागि दुर्भाग्य हो। यो ओली जीको मधेसी शक्तिलाई समाप्त गर्ने रणीनीतिको जित हो। अदालतबाट संसद् पुनर्बहाल भए वा नभएपनि मधेसलाई खासै उपलब्धि हुने छैन, किनभने उपलब्धि हासिल गर्न मधेसी शक्ति एक हुनैपर्छ। चुनावमा पनि दुईवटा ध्रुवीकरण हुने निश्चित छ। जसमा एउटा ध्रुवमा आधी मधेसी शक्ति हुनेछ भने, अर्को ध्रुवमा आधी। जुनसुकै दलसँग गठबन्धन गरेपनि मधेसीलाई लाभ हुँदैन किनभने मधेसीले गैरमधेसमा एउटा पनि सिट जित्न नसक्ने ठोकुवा नै छ, बरु मधेसको सिटबाट केही सिट गैरमधेसी पार्टीले गठबन्धनको आधारमा प्राप्त गर्न सक्ने अवस्था छ।

आज पर्सा जिल्लामा चारवटै सिट मधेसवादी दलको छ, भोलि एउटै पनि सिट, चाहे काङ्ग्रेसले जितोस् चाहे कम्युनिस्टले नोक्सान त मधेसवादीकै हुन्छ। सत्ताका लागि नै राजनीति गरिन्छ तर सत्ताको लागि राजनीतिक शक्तिको स्रोत समाप्त गर्नु उचित होइन। कतिपय मधेसी नेताहरूले मधेसी दलमा एकता भएको कारणले मात्र चुनाव जितेका छन्। मधेस आन्दोलन र मधेसी दलहरूमा एकता नभएको भए धेरै नेताहरूको चुनाव जित्ने सपना सपना नै रहने थियो। यसर्थ आफ्नो शक्ति–स्रोतमा नोक्सान पुऱ्याउनु उचित हुन्न। सरकारमा गएर जुन थोरै लाभ हुन्छ, त्यसको साटो पार्टी एकताले धेरै लाभ दिन्छ। सरकारमा गएका वा नगएका नेताहरूले पार्टी एकतालाई केन्द्र विन्दुमा राख्नुपर्छ किनभने मधेसी जनताले सरकारको समर्थन वा विरोध चाहेको छैन। मधेसको माग पूरा गराउन मधेसमा एउटा सशक्त राजनीतिक शक्तिको आवश्यकता छ। जुन एकताबाट प्राप्त हुन्छ। बरु एकबद्ध र अडिग रहेको भए असम्भवप्रायः मानिने प्रधानमन्त्री पद मधेसवादीले नै पाउँथे कि ! यस्तो अवसर गुम्नुमा विभाजन नै कारक देखिएको छ। यसर्थ अनेकौं विमतिका बावजूद एकता कायम राख्नुको विकल्प छैन मधेसको मुद्दा सफल पार्नुछ भने। एक अर्काको विरोध गर्नु र पार्टी विभाजन तर्फ सोच्नुको साटो पार्टी एकता कायम राख्दै मधेस मुद्दामा सहयोग पुग्नेगरी अवसरको ताकमा बस्नुपर्छ। आउँदो चुनावमा अहिलेको भन्दा पनि बढी सिट ल्याउने रणीनित साथ अगाडि बढ्नुपर्छ।

विपक्षी.....

भन्दै नसच्याएसम्म बैठक अवरुद्ध गरिरहने बताए।

नेकपा माओवादी केन्द्रका प्रदेशसभा सदस्य रामकुमार यादवले आफूहरू निर्वाचित भएपनि सो क्षेत्रमा सहमतिविपरीत प्रदेश सरकारले रकम पठाएकोमा विरोध गरे।

सभामुख सरोजकुमार यादवले सरकारको ध्यानाकर्षण भएकाले आआफ्नो स्थानमा बस्नका लागि पटक–पटक आग्रह गर्दा पनि नबसेपछि नेकपा एमाले संसदीय दलका नेता शत्रुघ्न महतोले कम्तीमा यसको जवाफ मुख्यमन्त्रीले नदिएसम्म बैठक चल्न नदिने रोस्टमबाट नै अडान लिएपछि एक घण्टाको लागि बैठक स्थगित भएको थियो। प्रदेशसभाको बैठक अवरूद्ध गरेका थिए।

## आजको राशिफल

| | |
|---|---|
| मेष – धनखति | वृष – सुयश |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – सफलता | कन्या – राज्यभय |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कडाश्रम | मकर – कार्यनाश |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# असारदेखि "लुज डाउन"

काठमाडौं, २५ जेठ/रासस

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड–१९ सङ्क्रमणको गति मुलुकमा क्रमशः न्यून हुँदै गएपछि सरकारले निशेषाज्ञालाई बिस्तारै खुकुलो बनाउँदै लैजाने योजना अघि सार्ने भएको छ। गृह मन्त्रालयका अनुसार मुलुकभर जारी गरिएको निषेधको आदेश कार्यान्वयन र सङ्क्रमणको अवस्थाबारे समीक्षा भइरहेको र त्यसैका आधारमा असारदेखि कसरी अघि बढ्ने भन्ने कुराको निर्क्योल हुने जनाइएको छ। गृहप्रवक्ता जनकराज दाहालले जिल्लाबाट रिपोर्टिङ लिने क्रम जारी रहेको जानकारी दिए।

"यसअघि 'लकडाउन' थियो, असारदेखि भने 'लुज डाउन' लागू गर्ने योजना छ, मुलुकभरको सुझाव आएपछि त्यसको आधारमा आवश्यक निर्णय लिइनेछ," दाहालले भने, "केही सहजीकरण भने पक्कै हुनेछ।" सङ्क्रमणभन्दा निको हुने दर दोब्बर हुँदै गएको र मृत्युदरसमेत न्यून भएकाले निषेधाज्ञामा केही खुकुलो गर्ने योजनाका साथ अहिले काम भइरहेको छ। आआफ्नो जिल्लामा आदेश लागू गर्ने र हटाउने अधिकार सरकारले प्रजिअलाई नै दिएकाले गृहको आवश्यक समन्वय र निर्देशनमा काम अघि बढ्नेछ।

कोरोना नियन्त्रण तथा रोकथामका लागि जारी निषेधाज्ञा तथा कोरोना परीक्षणको दायरा वृद्धि भएसँगै पछिल्लो दिन सङ्क्रमितभन्दा निको हुने दर उच्च हुँदै गइरहेको तथ्याङ्कले देखाएको छ।

सोमवार झन्डै १८ हजारजनाको परीक्षण गरिएकामा चार हजार ४७२ जनामा सङ्क्रमण पुष्टि भएको र छ हजार ९५१ जना सङ्क्रमित निको भएका छन्। सोही अवधिमा कोरोनाबाट ९२ जनाको मृत्यु भएको छ। त्यसअघि १८ हजारजनाको परीक्षणमा कम्तीमा पनि आठ हजारमाथि सङ्क्रमित फेला पर्दै आएका थिए। मानिसको मृत्यु तीन अङ्कको थियो।

कोरोनाको पहिलो लहरमा जारी गरिएको बन्दाबन्दी एक्कासि खोल्दा सङ्क्रमणले गति लिएको उदाहरण प्रस्तुत गर्दै गृहप्रवक्ता दाहालले यसपालि भने त्यो गलती नदोहोरिने स्पष्ट पारे। उनका अनुसार आवश्यकताका आधारमा बिस्तारै खुकुलो पार्दै लगिनेछ। उक्त अवधिभर सभा, सम्मेलन, गोष्ठी, तालीम, सेमिनार, सिनेमा हल, डान्सबार, दोहोरी, नाचघर, क्लब, पार्टी प्यालेस, स्विमिङ पुल, शपिङ मल, मनोरञ्जनस्थल, सैलुन, ब्युटीपार्लर, हेल्थ क्लब, फूटसल, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना, दर्शकसहितको खेलकूदका गतिविधि भने अझै खुल्नेछैनन्।

मुख्यतः कृषि कर्मको बेला भएकाले त्यसलाई प्राथमिकता दिने योजना छ। दाहालले भने, "दैनिक जनजीवनसँग जोडिने कुरा प्राथमिकतामा पर्छन्, वर्षाको समय छ, मल, बीउ, कृषि कर्म, अत्यावश्यक जनशक्ति व्यवस्थापन, सामग्री ओसारपसार र विकास निर्माणलाई प्राथमिकता दिइने तर पूर्ण स्वास्थ्य मापदण्ड पालनामा भने कडाइ गरिनेछ। निषेधाज्ञाका कारण कोरोना नियन्त्रणमा ठूलो सहयोग मिलेको स्वास्थ्य मन्त्रालयको बुझाइ छ। त्यसैले पनि एकैचोटि खुला गर्न नहुने पक्षमा मन्त्रालय पनि रहेको छ। काठमाडौंका सहायक प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे यो साताको समीक्षाका आधारमा उपत्यकाको निषेधाज्ञाको निर्धारण हुने बताउँछन्। पछिल्लो समयमा सङ्क्रमण घटेकाले पनि केही खुकुलो हुने आशा आमनागरिकले पनि लिएका छन्।

निषेधाज्ञा उल्लङ्घन गर्दै यही २० गतेदेखि भने मुलुकभर नै मानिसको चहलपहल बढेको पाइएको छ। यातायातका साधनसमेत बाक्लिएका छन्। उपत्यकामा समेत त्यो अवस्था देखिएको छ। अहिले नै लापरवाही गर्ने अवस्था नरहेको जनस्वास्थ्यविद्को भनाइ छ। जोखिम कायमै रहेकाले अझै एक महीना विशेष ध्यान दिनुपर्ने स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारी बताउँछन्।

कोरोनाको दोस्रो लहरसँगै नेपालमा गत वैशाख ७ गते बागलुङबाट निषेधको आदेश जारी गर्ने क्रम शुरू भएको थियो। सङ्क्रमण नियन्त्रणका लागि वैशाख १३ गते बाँके र १४ गते सुर्खेतमा गरिएकामा १६ गतेदेखि उपत्यकासहित धेरै जिल्लाले निषेधाज्ञा जारी गरेका थिए। जेठ मसान्तसम्म खोटाङ र मनाङबाहेकका ७५ जिल्लाले निषेधाज्ञा जारी गरी सङ्क्रमण नियन्त्रणमा सक्रियता देखाइरहेका छन्।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवर आदेशको पूर्ण कार्यान्वयनमा ७७ वटै जिल्लाका प्रहरी खटिएको बताउँछन्। अझै पनि मानिस आफ्नो स्वास्थ्यका लागि सचेत नभएको उल्लेख गर्दै उनले प्रहरी देखे मात्रै मानिस सचेत हुने त्यसपछि लापरवाही गर्ने क्रम कायम रहेको बताए। चिकित्सकले आफूबाहेक सबै कोभिड सङ्क्रमित हुन् भनेर व्यवहार गर्न नागरिकसँग अनुरोध गरिरहेका छन्।

# चुरे उत्खनन सिफारिशविरुद्ध प्रदर्शन

प्रस, वीरगंज, २५ जेठ/

नेपाल विद्यार्थी सङ्घ, ठाकुर राम बहुमुखी क्याम्पस एकाइले चुरे उत्खननका लागि सरकारले गरेको सिफारिशको विरोधमा प्रदर्शन गरेको छ।




ठाराब क्याम्पस अगाडि प्रदर्शन गर्दै। तस्वीरः प्रतीक

एकाइ अध्यक्ष मनोजकुमार साहको नेतृत्वमा क्याम्पसको मूलगेटअगाडि सहभागीहरूले 'चुरे बचाऊ, देश जोगाऊ', 'चुरेको व्यापार राष्ट्रघाती कदम हो', 'चुरेको माटो चुरेलाई, सफा पानी सबैलाई', 'ढुङ्गा–गिट्टीको नाममा देश बेच्न पाइँदैन'लगायतका नारा लगाएका थिए।

एकाइ अध्यक्ष साहले चुरे उत्खनन गर्ने सरकारी निर्णय फिर्ता हुनुपर्ने बताए। उनले चुरेको विनाशबाट पानीको मुहान सुक्ने र तराई–मधेसमा पानीको अभाव हुने हुँदा सरकारसँग जनविरोधी निर्णय फिर्ता लिन माग गरे।

विरोध प्रदर्शनमा नेविसङ्घका अविनाश गुप्ता, प्रिन्स तिवारी, शेखर गुप्ता, बिट्टु पटेल, शेष हजरालगायतको सहभागिता थियो।

# २०३ दलित परिवारलाई राहत वितरण

प्रस, वीरगंज, २५ जेठ/

हाम्रो टीम नेपाल काठमाडौंको सहयोगमा पिस फर दलित फाउन्डेशन नेपाल, पर्साले वीरगंज महानगरपालिका–१९ विन्ध्यवासिनी, केहुनिया र सखुवाप्रसौनी गाउँपालिका–५ महुवनमा २०३ घरधुरीलाई खाद्यान्न राहत वितरण गरेको छ।



तस्वीरः प्रतीक

पिस फर दलित फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले वैशाख १६ गतेदेखि निरन्तर निषेधाज्ञा जारी भएको र यसबाट मजदूर, गरीब, दलित समुदाय पूर्णरूपमा प्रभावित भएको हुँदा उनीहरूलाई लक्षित गरेर खाद्यान्न वितरण गरिएको बताए। प्रतिपरिवार १ बोरा खाद्यान्न वितरण गरिएको उनले जानकारी गराए। कार्यक्रमका लागि हाम्रो टीमकी सुनीता कुमारी, इशा गुरुङले सहयोग गरेकोमा अध्यक्ष रामले धन्यवाद दिएका थिए। कार्यक्रममा हाम्रो टीमका उमेश बोहरा, साजन श्रेष्ठ, रीता श्रेष्ठलगायतको सहभागिता थियो।

# विपक्षी दलद्वारा बैठक अवरुद्ध

प्रस, जनकपुरधाम, २५ जेठ/

विपक्षी दलले प्रदेश २ सरकारबाट पठाएको सशर्त अनुदानको रकमको विरोध गर्दै मङ्गलवार प्रदेशसभाको बैठक अवरुद्ध गरेको छ।

बिहीवारदेखि शुरू भएको बजेट अधिवेशनको दोस्रो दिन विपक्षी नेपाली काङ्ग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रले स्थानीय तहमा जाने सशर्त अनुदान मनोमानी तरीकाले छनोट गरेको भन्दै बैठक अवरुद्ध गरेका हुन्।

बैठक प्रारम्भ हुनासाथ नेकपा एमालेका प्रदेशसभा सदस्य सुन्दरबहादुर विश्वकर्माले सशर्त अनुदान रकम स्थानीय तहमा मनोमानी तरीकाले पठाइएको भन्दै विरोध गरे।

नेपाली काङ्ग्रेसका प्रदेशसभा सदस्य वीरेन्द्रकुमार सिंहले मनोमानी तरीकाले सशर्त अनुदानको योजना छनोट गरेको

(बाँकी अन्तिम पातामा)

# वीउवासङ्घद्वारा मजदूरलाई खोप उपलब्ध गराउन माग

प्रस, वीरगंज, २५ जेठ/

वीरगंज उद्योग वाणिज्य सङ्घले मङ्गलवार प्रेस विज्ञप्ति जारी गरी वीरगंज–पथलैया औद्योगिक कोरिडोरमा कार्यरत १ लाख २५ हजारभन्दा बढी मजदूर कर्मचारीहरूलाई कोरोनाविरुद्धको खोप उपलब्ध गराउन सरकारसँग माग गरेको छ।

सङ्घले जारी गरेको विज्ञप्ति अनुसार कोभिडले गर्दा विद्यमान असहज परिस्थितिमा निजी क्षेत्रले जोखिम र चुनौतीबीच उद्योग प्रतिष्ठान सञ्चालन गरेर देशको आधारभूत आवश्यकताको परिपूर्ति गरिरहेकामा राज्यले उद्योग प्रतिष्ठानलाई कोरोना सङ्क्रमणमुक्त बनाउने अभियान चलाउनुपर्ने माग गरेको छ।

नेपालको प्रमुख औद्योगिक कोरिडोर वीरगंज–पथलैया औद्योगिक करिडोरमा झन्डै १ हजार उद्योग प्रतिष्ठान रहेका र त्यहाँ एक लाख २५ हजारभन्दा बढी मजदूर, कर्मचारी कार्यरत रहेका हुँदा उनीहरूलाई कोरोना सङ्क्रमणबाट जोगाउन तत्काल सरकारले कोरोनाविरुद्ध खोप उपलब्ध गराउन माग गरिएको छ।

विज्ञप्तिमा वीरगंज र यस क्षेत्रमा रहेका उद्योग प्रतिष्ठानमा कार्यरत कामदार, मजदूर, कर्मचारीलाई तेस्रो भेरियन्ट आउनुपूर्व खोप उपलब्ध गराउनुपर्ने माग गरिएको छ।

यसअघि वीउवासङ्घले स्वास्थ्य मन्त्रालय, प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय, नेपाल उद्योग वाणिज्य महासङ्घ र वीरगंज महानगरपालिकालाई छुट्टाछुट्टै पत्र लेखी खोप उपलब्ध गराउन माग गरेको विज्ञप्तिमा जनाइएको छ।

# अक्सिजनका खाली सिलिन्डर उपलब्ध गराउन अनुरोध

काठमाडौं, २५ जेठ/रासस

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अक्सिजनका खाली सिलिन्डर उपलब्ध गराउन अनुरोध गरेको छ। मन्त्रालयले अक्सिजन सिलिन्डरको अभावले अस्पतालमा कोभिड–१९ सङ्क्रमितको उपचारमा समस्या भएकाले जतिसक्दो चाँडो सिलिन्डर सम्बन्धित उद्योगलाई उपलब्ध गराइदिन आग्रह गरेको छ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले आज सूचना जारी गर्दै व्यक्ति, संस्था वा निकायलाई अक्सिजनको सिलिन्डर सम्बन्धित उद्योगलाई उपलब्ध गराउन अनुरोध गरेका हुन्।

उनले खाली सिलिन्डर समयमैं भर्नका लागि उद्योगमा नपुग्दा अक्सिजनको आपूर्तिमा असर पर्ने भएकोले ती सिलिन्डर उपलब्ध गराउन अनुरोध गरेका हुन्।

"उपचारका लागि अत्यावश्यक हुने अक्सिजन सिलिन्डर विभिन्न कारणले देशमा विभिन्न भागमा व्यक्तिका घर, टोल र आइसोलेशन तथा अस्पतालमा पुगेका छन्," उनले सूचनामा भनेका छन्, "ती सिलिन्डर समयमैं भर्नका लागि सम्बन्धित उद्योगमा नपुग्दा अक्सिजनको आपूर्ति प्रणालीमा असर पर्ने र अस्पतालमा जटिल उपचारमा रहेका व्यक्तिलाई अप्ठयारो हुन्छ। त्यसैले जुनसुकै व्यक्ति, संस्था वा निकायले जुनसुकै बहानामा लैजानुभएका अक्सिजन सिलिन्डर यथासक्य चाँडो जुन उद्योगको हो, सोही उद्योगमा भर्नका लागि उपलब्ध गराइदिनुहुन अनुरोध छ।"

उनले अस्पताललाई पनि अधिकतम मात्रामा अक्सिजन सिलिन्डर भनेर राख्न, अक्सिजन प्लान्ट वा टयाङ्क मर्मत, जडान जतिसक्दो चाँडो गरी पूर्ण क्षमतामा अक्सिजन सञ्चालनसमेत गर्न अनुरोध गरेका छन्।

सहप्रवक्ता डा अधिकारीले सङ्ख्यात्मकरूपमा सङ्क्रमण केही कम भएकोजस्तो लक्षण देखिए पनि महामारीको उच्च जोखिम कायमै रहेको उल्लेख गरेका छन्। अहिलेसम्म नेपालमा पाँच लाख ९१ हजार ४९४ जना सङ्क्रमितमा चार लाख ९७ हजार ९६० जना निको भएका र सात हजार ९९० जनाको सङ्क्रमणबाट निधन भएको छ।




# विपद्का सारथिले गरे सङ्क्रमितको उपचार

सर्लाही, २५ जेठ/रासस

सर्लाहीको हरिवन नगरपालिका–९ सुकेपोखरीको सर्लाही जीवन अस्पताल सञ्चालन गर्दै आइरहेका एक जोडी आफू कोरोना सङ्क्रमित भएर पनि अन्य सङ्क्रमितको उपचारमा दिनरात लागिरहेका छन्। गत वर्ष कोरोना भाइरसको पहिलो लहर फैलिंदै गर्दा सरकारले बन्दाबन्दी गरेपछि अलपत्र परेका पैदल यात्रीलाई निश्शुल्क खाना खुवाउन खटिएका यो दम्पती यसपटकको सङ्कटमा भने सङ्क्रमितको उपचारमा जुटेका छन्। उनीहरू आफैं सङ्क्रमित हुँदासमेत बिमारीको हेरचाहमा अहोरात्र खटिएका छन्।

सर्लाही जीवन अस्पताल सञ्चालक अमृता उप्रेती र अर्जुन मैनाली अहिले आफूहरू नै कोरोना सङ्क्रमित छन्। बिरामीको उपचारमा खटिंदाखटिंदै आफूहरूसमेत सङ्क्रमित भएको अमृताले बताइन्। अमृताका अनुसार उनीहरूकै कारण छोरा, छोरी, दाजु, बुबासहित पूरै परिवार सङ्क्रमित भएको छ।

उप्रेती परिवारले निर्माणाधीन अस्पताल भवन आइसोलेशनका रूपमा प्रयोग गर्न हरिवन नगरपालिकालाई दिएको छ। नगरपालिकाले भवनमा ६० शय्याको अक्सिजनसहितको आइसोलेशन तयार गरेको जनाएको छ। आइसोलेशन स्थापना गरेको सुनेपछि गत वैशाख २४ गतेदेखि नगरका सङ्क्रमितहरू उपचारका लागि आउन शुरू गरेका अमृताका पति अर्जुनले बताए। नगरपालिकाले बिरामीको उपचारमा भने कुनै ध्यान नदिएको उनीहरूको भनाइ छ। बिरामीको उपचारमा नगरपालिकाले बेवास्ता गरेपछि उनीहरू आफैं उपचारमा खटिएका हुन्। "नगरपालिका जिम्मेवारीबाट पन्छिरहेको छ, बिरामी शय्यामा लम्पसार परेपछि हामीले कसरी फर्काउनु, बिरामी मरेको हेरेर बस्न सकिएन र उपचारमा खटिएका छौं," अर्जुनले भने। दुवैजना स्वास्थ्यकर्मीले सञ्चालन गरेको निजी अस्पतालले कोरोना सङ्क्रमितको उपचार निस्स्वार्थ भावले गरिरहँदा नगरपालिका भने मौन बसेको देख्दा आफूहरूलाई आश्चर्य लागेको अमृताले बताइन्।

अहिले उनीहरूको निगरानीमा हरिवन, वाग्मती, लालबन्दीलगायत स्थानबाट आएका १९ जना सङ्क्रमित भर्ना भएका छन्। गम्भीर समस्या भएका आठजना उपचारपश्चात् घर फर्किसकेको अस्पतालले जनाएको छ। सामान्य स्वास्थ्य सुरक्षाका सामग्रीसमेत नहुँदा असुरक्षित ढङ्गले बिरामीको उपचार गरिरहनुपरेको अमृताले दुःखेसो गरिन्। उपचारत बिरामीका लागि वाग्मती नगरपालिकाका प्रमुख भरतकुमार थापाले अक्सिजन सहयोग गरेका थिए। अहिले त्यही अक्सिजन प्रयोग भइरहेको छ।

निकै अनुरोधपछि हरिवन नगरपालिकाले पनि चारवटा खाली सिलिन्डर दिएको छ। आफैं सङ्क्रमित भएका कारण बिरामीको हेरचाह गर्न निकै समस्या हुने गरेको स्वास्थ्यकर्मी दम्पतीको भनाइ छ। आफूहरूले सोचेजति सेवा दिन नसके पनि बिरामीहरू अन्यत्र जान नमानेको अमृताले बताइन्। "थप भर्ना नलिने भनेर फर्काउँदासमेत बिरामीहरू अस्पतालको द्वारमा आएर बस्ने गरेका छन्," उनले भनिन्। बिरामीका लागि अहिले उनीहरू सारथि जस्तै बनेका छन्।

अस्पतालमा बिरामीको सङ्ख्या बढेपछि चिकित्सक र स्वास्थ्य सामग्रीको व्यवस्था गर्न हरिवन नगरपालिकाका प्रमुख गणेशप्रसाद प्रसाईंलाई निकै अनुरोध गर्दा पनि कुनै चासो नदेखाएको उनको भनाइ छ। नगरपालिकाले भने अस्पतालमा राख्नुपर्ने बिरामीलाई आफ्नै स्वास्थ्य कार्यालयस्थित आइसोलेशनमा राखेको जनाएको छ। अस्पताल सञ्चालक अमृता सिएमए हुन् भने उनका पति अर्जुन ल्याब टेक्निसियनसँगै जुनियर इन्ट्रन हुन्।

# डाँका समूहद्वारा लूटपाट, गोली लागी महिला घाइते

प्रस, महोत्तरी, २५ जेठ/

महोत्तरी जिल्लाको लोहारपट्टि नगरपालिका–६ निवासी रामनारायण साहको घरमा डाँका समूहले लूटपाट गरेको छ। सोमवार राति ६–७ जनाको समूहमा आएका हतियारधारी डाँकाहरूले लूटपाटको क्रममा गायत्रीदेवी साहमाथि गोली प्रहार गरेका थिए।

लूटपाट गर्ने क्रममा साहकी पत्नी ४५ वर्षीया गायत्रीले होहल्ला गर्न थालेपछि डाँकाले गोली चलाएका थिए। उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचार भइरहेको र अवस्था गम्भीर रहेको महोत्तरीका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले बताए। डाँकाहरूले साहको घरबाट २५ हजार नगद, सुनको मङ्गलसूत्र, तिलहरी, कानको मुन्द्रा लुटेको प्रनाउ विष्टले बताए। घटनाको अनुसन्धान र डाँकाहरूको खोजी भइरहेको उनले बताए।